Australian Government

BE COVIDSAFE

# COVID-19: लक्षणहरूको पहिचान

| लक्षणहरू | COVID-19<br>लक्षणहरू हल्का देखि गम्भीर हुन्छ | रूघा<br>लक्षणहरू बिस्तारै देखिन्छ | फ्लू (FLU)<br>लक्षणहरू एक्कासि देखिन्छ | एलर्जीहरू*<br>लक्षणहरू एक्कासि वा बिस्तारै देखिन्छ |
|---|---|---|---|---|
| ज्वरो | प्रायः आउँछ | विरलै आउँछ | प्रायः आउँछ | आउँदैन |
| खोकी | प्रायः आउँछ | प्रायः आउँछ | प्रायः आउँछ | प्रायः आउँछ (दम) |
| घाँटी दुख्ने | कहिलेकाहीँ दुख्छ | प्रायः दुख्छ | कहिलेकाहीँ दुख्छ | कहिलेकाहीँ (घाँटी र तालु चिलाउने) |
| श्वास फेर्न गाह्रो | कहिलेकाहीँ हुन्छ | हुँदैन | हुँदैन | प्रायः हुन्छ (दम) |
| थकान | कहिलेकाहीँ हुन्छ | कहिलेकाहीँ हुन्छ | प्रायः हुन्छ | कहिलेकाहीँ हुन्छ |
| पिडा तथा दुखाई | कहिलेकाहीँ हुन्छ | हुँदैन | प्रायः दुख्छ | हुँदैन |
| टाउको दुख्ने | कहिलेकाहीँ दुख्छ | प्रायः दुख्छ | प्रायः दुख्छ | कहिलेकाहीँ दुख्छ |
| सिंगान बग्ने वा बन्द नाक | कहिलेकाहीँ हुन्छ | प्रायः हुन्छ | कहिलेकाहीँ हुन्छ | प्रायः हुन्छ |
| पखाला | विरलै लाग्छ | लाग्दैन | कहिलेकाहीँ हुन्छ, विशेषगरी बच्चाहरूमा | लाग्दैन |
| हाच्छ्युँ | आउँदैन | प्रायः आउँछ | आउँदैन | प्रायः आउँछ |

*विश्व स्वास्थ संगठन (WHO), Centers for Disease Control and Prevention तथा American Academy of Allergy, Asthma and Immunology द्वारा प्रकाशित सामग्रीमा आधारित। * श्वासप्रश्वाससम्बन्धी एलर्जीहरूमा एलर्जीक राइनाइटिस (हे फिभर(( र एलर्जीक दम पर्छ। हे फिभरको अन्य सामान्य लक्षणहरूमा नाक चिलाउने र चिलाउने, आँखाहरू रसाउने ,हुन्छ। COVID-19, इन्फ्लूएन्जा र रूघाका लक्षणहरू छुट्याउन धेरै गाह्रो छ। यदि तपाईंलाई कुनै संक्रामक वा श्वासप्रश्वाससम्बन्धी लक्षणहरू (घाँटी दुख्ने, टाउको दुख्ने, ज्वरो, श्वास फेर्न गाह्रो हुने, मांसपेशी दुख्ने, खोकी लाग्ने वा सिंगान बग्ने जस्ता) देखिएमा काममा नजानुहोस्। तपाईं आफै अगल बस्नु (self-isolate) पर्ने हुन्छ र चिकित्सा पेशेवरसँग जाँच गराउन आवश्यक छ। तपाईंले COVID-19 परीक्षण गर्न आवश्यक हुन सक्छ। चिकित्सा पेशेवरले सफाई नदिएसम्म तपाईं काममा जानु हुँदैन। तपाईंले स्याहार गर्ने व्यक्तिहरू सुरक्षित रहेको सुनिश्चित गर्नुपर्ने हुन्छ। एलर्जीक राइनाइटिस (हे फिभर) र एलर्जीक दम जस्ता श्वासप्रश्वाससम्बन्धी एलर्जीका लक्षणहरू भएका मानिसहरू घरमै बस्नुपर्छ र यदि अनौठा, भिन्दै खाले वा असाधारण लक्षण देखिन थालेमा वा सधै खाने औषधीले काम नगरेमा COVID-19 को परीक्षण गराउनुपर्छ।*

कोरोनाभाइरस (COVID-19) को बारेमा थप जानकारी पाउनको लागि **health.gov.au मा जानुहोस्।**
www.**health.gov.au/resources/translated** मा जानुहोस् वा अनुवाद र दोभाषे सेवाको लागि **131 450** मा फोन गर्नुहोस्।

DTDT0001045